# सुनवल नगरपालिकाको बालबालिका सम्बन्धी ऐन २०७८

प्रस्तवाना

नेपालको संविधानले व्यवस्था गरेको बाल अधिकार र सो संगको संवैधानिक हकलाई कार्यान्वयन गर्न आएको बालबालिका सम्बन्धि ऐन २०७५ तथा अन्तराष्ट्रिय बाल अधिकार महासन्धीको भावना अनुरुप बालमैत्री नगरको रुपमा स्थापित भई बाल अधिकार संरक्षणको क्षेत्रमा रहेका पारिवारिक एवं सामाजिक र संस्थागत चुनौतिहरुलाई सम्बोधन गर्दै नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम र प्रवाह गरिने सेवामा बालबालिकाको भूमिका सहित संस्थागत रुपमा विकास गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ अन्तर्गत रहि यो ऐन तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेदः- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

१. यस ऐनको नाम सुनवल नगरपालिका बालबालिका सम्बन्धी ऐन २०७८ रहने छ।

२. यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) " प्रमुख" भन्नाले सुनवल नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले सुनवल नगरपालिका जनाउँछ।

(ग) "बाल अधिकार" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ ले व्यवस्थित गरे बमोजिम बालबालिकाको अधिकारलाई जनाउँछ ।

(घ) "महासन्धी" भन्नाले बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी सन् १९९८ लाई जनाउँछ ।

(ङ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ८ बमोजिम तोकिदिएको काम गर्ने अधिकारीलाई जनाउँछ ।

(च) "बालबालिका" भन्नाले अठार बर्ष उमेर पुरा नगरेका व्यक्ति सम्झनु पर्दछ ।

(छ) "प्राम्भिक बाल विकास" भन्नाले छ बर्ष मुनिका कुनै पनि बालबालिकाको सर्वाङ्गीण विकासलाई (शारिरीक, सामाजिक, बौध्दिक र संवेगात्मक) सिकाईलाई जनाउँदछ ।

(ज) "तोकिएको वा तोकिए बमेजिम" भन्नाले यस ऐन अन्तर्गत बन्ने नियमावलिमा व्यवस्था हुने कुराहरुलाई जनाउनेछ।

(झ) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठित बाल अधिकार समितिलाई जनाउँछ ।

## परिच्छेदः- २
## बालबालिकाको बाँच्न पाउने अधिकार

३. **बाँच्न पाउने अधिकारः-** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) नगरपालिकाले बालबालिकाको सुरक्षित जन्म, बाँच्न पाउने अधिकार र बालबालिकाको बिकासका लागी बालबालिकामाथि हुनसक्ने दुर्व्यवहारको रोकथाम जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागी आवश्यक उपाय अबलम्बन गर्नेछ ।

४. **नाम र पहिचानको अधिकारः-(**१) प्रत्येक बालबालिकालाई जन्मनासाथ आफ्नो पहिचान सहित नाम पाउने अधिकार हुनेछ भने बुवा आमा वा संरक्षकले उनिहरूको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नुपर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जबरजस्ती करणी वा प्रचलीत कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट र विवाह गर्नु अघि नै जन्मिएका बुवा पत्ता नलागेका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनुपर्छ ।

५. **उचित स्याहार हेरचाह पालनपोषणको अधिकारः-** (१) कुनै पनि बालबालिका बुवा आमा सँगै बस्ने बालमैत्री वातावरणमा हुर्कने र बावु आमाबाट उचित स्याहार, हेरचाह, पालनपोषण, संरक्षण तथा माया प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालनपोषणमा बाबु आमाको समान दायित्व हुनेछ ।

६. **गोपनियताको अधिकारः-**(१) प्रत्येक बालबालिकाको निजको जिउ, आवास, चरित्र, लिखत तथ्याङ्क, व्यक्तिगत सूचना, पत्राचार र सम्पत्तिमा गोपनियताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण वा फोटो सृजना ,सङ्क्लन, प्रकाशन, मुद्रण, प्रदर्शन वा बिक्री वितरण गर्नु गराउनु हुनुहुदैन।

(३) अदालत वा प्रहरी कार्यालयमा कसुरजन्य कार्यको आरोप लागेका पिडीत बालबालिकाको नाम ,थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारीक पृष्ठभुमि, आर्थीक स्थिती,कसुर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायतका बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नुपर्नेछ । बालबालिकाको कुनै विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुदैन ।

तर यस्तो विवरण कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, घर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी निज बालबालिका र परिवारको सहमति लिई प्रकाशन गर्न सकिनेछ ।

७. **अपाङ्गता भएका बालबालिकाको बिशेष अधिकारः-** (१) अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने आत्मानिर्भरता प्रबर्धन गर्ने समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने हक हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई बिशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागी शिक्षा तालिम स्वास्थ्य स्याहार सेवा रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई सार्बजनिक सेवा सुविधामा समान पहुँच र उपयोगको अधिकार हुनेछ ।

८. **बाल कल्याण अधिकारी :-** सुनवल नगरपालिकामा एक जना बाल कल्याण अधिकारी रहनेछ । बाल कल्याण अधिकारीले बालबालिकाको अधिकारको सम्मान संरक्षण र सम्बर्द्धन गर्नुपर्ने छ ।बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार तथा सेवा सेवाको शर्त लगायत व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -३
## बालबालिकाको बिकासको अधिकार

९. **प्रारम्भिक बालबिकास तथा शिक्षाको अधिकारः**- (१) ६ बर्ष मुनिका कुनै बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर खेलको माध्ययम वातावरणमा अधारित अनुभव र खोजमूलक ढंगले सिक्न पाउने प्रारम्भिक बाल बिकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशूल्क रुपमा बालमैत्री वातावरणमा पाउने हक हुनेछ ।

(३) प्रत्येक बालबालिकाले आफ्नो शारिरीक तथा मानसिक अशक्तताका आधारमा उपयुक्त अध्ययन सामाग्री तथा शिक्षण विधी मार्फत शिक्षा पाउने हक हुनेछ ।

१०.**पोषण एवंम स्वास्थ्यको अधिकारः**- (१) प्रत्येक बालबालिकालाई उचित पोषण शुद्ध खानेपानी तथा स्तनपानको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार हुनेछ ।

(४) गर्भवती महिला स्तनपान गराउन आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरु लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरुपको शारिरीक तथा मानसिक स्वास्थ्य सेवा उपयोग गर्न पाउने उमेर अनुसार शरीर प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य सम्बन्धी उपचारको अधिकार हुनेछ ।

११.**खेलकुद मनोरञ्जन तथा साँस्कृतिक अधिकारः**- (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

(२) प्रत्येक अभिभावक तथा विद्धालयले पठनपाठन बाहेकको समयमा खेलकुदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने छ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर रुचि र आवश्यकता अनुसार मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(४) आफ्नो हितमा प्रतिकुल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म,संस्कृती, चलन, रीतीरीवाज र आस्था अनुरुप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

## परिच्छेदः- ४
## बालबालिकाको सहभागिताको अधिकार

१२.**सूचना तथा सहभागिताको अधिकारः**- (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आफ्नो तथा सार्बजनिक सूचनाको जानकारी पाउने हक हुनेछ । तर सूचना दिँदा उनीहरुको बौध्दिक अवस्थामा अनुकुल हुने गरी सरल भाषामा सहज रुपमा दिनुपर्छ ।

१३.**बाबु आमासँग भेटघाट र सम्पर्क गर्ने अधिकारः**-(१) कुनै पनि बालबालिकालाई उसको सर्वोत्तम हितलाई ख्याल गरी बुवा वा आमा बाट भिन्न वा अलग गर्नु हुदैन ।

(२) बुवा वा आमा वा दुवैसँग भिन्न अलग बसेको बालबालिकालाई बुवा आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्धुतिय सञ्चार माध्ययमबाट सम्पर्क गर्ने अधिकार हुनेछ। सो भेटघाटको संयोजन बाल कल्याण अधिकारीले गर्नेछ।

(३) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई निजको इच्छा अनुसार आफ्नो जन्मदिने बाबु आमासँग सम्पर्क तथा पत्राचार गर्न दिनुपर्छ ।

## परिच्छेदः- ५
## बाल अधिकार समितिको गठन

**१४.बाल अधिकार समितिको गठनः-**

(१)सुनवल नगरपालिकामा देहाय बमोजिमको एक बाल अधिकार समिति रहनेछ ।

(क) नगरपालिकाको नगर उपप्रमुख -----------------------------------------------------------संयोजक

(ख) सामजिक विकास समिति संयोजक -----------------सदस्य

(ग) उपप्रमुखले तोकेको नगरसभाको एक महिला सदस्य ------------------------------सदस्य

(घ) इलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि सदस्य

(ङ) समितिले तोकेको सामुदायिक र संस्थागत बिद्यालयको प्र अ दुई जना -------- सदस्य

(च) नगर बाल सञ्चालको अध्यक्ष---------------------------------------------- ------------- सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख -------------------------- ------------------------------सदस्य

(ज) नगरपालिकाको महिला बालबालिका शाखा प्रमुख -----------------------------------सदस्य सचिव

**१५. बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः**

(क) बालबालिकाको हकहित संरक्षण सम्बन्धी योनजाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने।

(ख) बाल अधिकार सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) बिशेष संरक्षणको आवश्यकता पर्ने बालबालिकाहरुलाई उचित पुनर्स्थापनाको व्यवस्था मिलाउने ।

(घ) नगर भित्र बालअधिकार हनन् का घटनाहरुलाई निवारण गर्न आवश्यक पहल एवं अनुगमन गर्ने ।

(ङ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राख्ने अनुगमन र नियमन गर्ने ।

(च) राहत र पुनर्स्थापनाका लागी आवश्यक रकम बिनियोजित बजेट समितिको निर्णय बमोजिम खर्च गरिने छ।

(छ) बालमैत्री स्थानीय शासन दिगोपना तथा प्रबर्धनको लागी आवश्यक योजना तर्जुमा गरी लागु गर्ने ।

१६. **बाल अधिकार समितिको कार्यकालः**- दफा (१४) बमोजिम गठित समितिको कार्यकाल पदेन सदस्यको हकमा बाहेक गठन भएको मितिले पाँच (५) बर्षको हुनेछ ।

१७. यस समितिको बैठक आवश्यकताका आधारमा सञ्चालन हुनेछ।

## परिच्छेदः- ६
## समाजसेवी तथा बाल मनोबिज्ञ

१८. **समाजसेवा तथा बाल मनोविज्ञः-**

(१) समाज सेवीको रुपमा सुचिकृत हुन निम्नानुसारको योग्यता हुनुपर्छः

(क) मान्यता प्राप्त विश्वविधालयबाट सामाजिक कार्य बाल बिकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविधालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको

(ख) फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको

(ग) सुनवल नगरपालिकाको क्षेत्र भित्र स्थायी बसोबास भएको

(२) बाल मनोविज्ञको रुपमा सुचिकृत हुन निम्नानुसारको योग्यता हुनुपर्नेछः

(क) सुनवल नगरपालिकाको क्षेत्रभित्र स्थायी बसोबास भएको

(ख) निजको उमेर २५ बर्ष पुरा भई ६० बर्ष ननाघेको

(ग) मान्यता प्राप्त विश्वविधालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविधालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको

(घ) फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा सुचिकृतहुन चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष अनुसुची (१) को ढाँचामा निवेदन दिनुपर्ने छ ।

१९. **समाजसेवी तथा बाल मनोबिज्ञको पदावधीः** समाजसेवी तथा बाल मनोबिज्ञको पदावधी चार बर्षको हुनेछ र निजहरुको पुन नियुक्ति हुन सक्नेछ ।

२०. **समाजसेवी तथा बाल मनोबिज्ञलाई हटाउन सक्नेः** समाजसेवी तथा बाल मनोबिज्ञलाई देहायको अवश्थामा सुनवल नगरपालिकाले हटाउन सक्नेछ ।

(क) खराब आचरण भएमा

(ख) कार्यक्षमताको अभाव भएमा

(ग) इमान्दारी पूर्वक पदीय कर्तव्य पालना नगरेमा

(घ) बाल इजलासका लागि माग भई आएकोमा बाल अदालतमा वा बाल इजलासमा बस्न सुचित गर्दा बिना कारण लगातार तीन पटकसम्म उपस्थित नभएमा ।

२१. **खर्च व्यवस्थापनः** (१) बालबालिकालाई तत्काल राहत उद्धार राहत र पुनर्स्थापना गर्न लाग्ने आवश्यक दायित्व नगरपालिकाको रहनेछ ।

## परिच्छेद ७
## विविध

२२. **बालबालिकाको कर्तव्यः**- बुवाआमा संरक्षक र शिक्षकले बालबालिकाको सर्वेत्तम हितलाई विचार गरी दिएको सल्लाह सुझाव मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु आफुभन्दा सानालाई माया गर्नु साथीहरु बिच माया सद्भाव बढाउनु मिलेर बस्नु र अनुशासन पालना गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

२३. **अनुगमन तथा निरीक्षणः**- सुनवल नगरपालिका बाल अधिकार समितिले आफ्नो क्षेत्रभित्र रहेका बाल सुधार गृह बाल गृह र बालबालिकाका लागि सञ्चालनमा रहेका आवसिय तथा अन्य गृह समेत जहिले सुकै निरीक्षण गरी निर्देशन दिने तथा नियमन गराउने छ ।

२४. **कानूनी सहायताः**- नगरपालिकाले कानूनी विवादमा परेका बालबालिकालाई आवश्यकता परेमा निशूल्क कानूनी सहायता उपलब्ध गराउन सक्नेछ ।

२५. **नियम बनाउने अधिकारः**- यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

२६. **बाधा अड्काउ फुकाउने अधिकारः**- यस ऐनको उध्देश्य कार्यान्वयन गर्दा बाधा अड्काउ परेमा फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

२७. **बचाउः** यस ऐन बमोजिमको उद्धेश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ ।

**अनुसुची १**
**(दफा १७ को उपदफा ३ सँग सम्बन्धित)**

श्री अध्यक्ष
बाल अधिकार समिति
सुनवल नगरपालिका

बिषयः समाजसेवी/बाल मनोबिज्ञको रुपमा सुचिकृत गरिपाउँ ।

उपर्युक्त बिषयमा जिल्ला नवलपरासी बसुप सुनवल नगरपालिका वडा नं.........बस्ने म निवेदक..........................ले बिगत बर्ष.........देखि.............................................संचालन गर्दै/बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएकोका मलाई बालबालिकाको क्षेत्रमा ज्ञान समेत भएको र यहि क्षेत्रमा थप सेवा गर्ने मनसाय भएकाले समाजसेवी/ बाल मनोबिज्ञको रुपमा सुचिकृत गरि पाउ भनि निवेदन गर्दछु ।

संलग्न कागजातहरु

१. नागरिकताको प्रतिलिपी
२. अनुभवको प्रमाण पत्र/सिफारीस
३. शैक्षिक योग्यताको प्रमाण पत्र

निवेदक